# पर्सागढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

हरपुर, पर्सा
मधेश प्रदेश, नेपाल

## स्थानीय राजपत्र


**खण्डः– ६** **संख्याः– १६** **मितिः– २०७९/१०/०७ गते**


**भागः– २**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम पर्सागढी नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको नियमावली सम्बन्धित सबैमा जानकारीको लागि प्रकाशन गरिएको छ।

### दुध उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रम कार्यबिधि, २०७९

**प्रस्तावना** :
पर्सागढी नगरपालिमा पशुजन्य उत्पादनमा बृधि गर्न त्यसको गुणस्तर कायम रख्न, प्रशोधन र बजारीकरण गर्न आवश्यक पर्ने लगानीहरुमा अनुदान दिई कृषकको जीवनस्तर उकास्नका लागी दुध उत्पादक सहकारी संस्था मार्फत दुध बिक्री गर्ने सदस्य कृषकहरुलाई उत्पादनको परिमाणमा अधारित रही प्रोत्साहन स्वरुप अनुदान उपलब्ध गराउन आवश्यक देखिएकाले स्थानीय तहको दुध उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रमलाई व्यवस्थित, सरल, सहज, प्रभावकारी र पार्दशी रुपमा स्थापना र संचालन गर्नवाञ्छनीय भएकोले, स्थानीय सरकार सञचालन ऐन २०७४ को दफा १०२ बमोजिम दिएको अधिकार प्रयोग गरी पर्सागढी नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि निर्माण गरि लागु गरेको छ।

**१. प्रारम्भिक**
**क) संक्षिप्त नाम र प्रारम्भ:**

१.यो कार्यबिधिको नाम: **“दुध उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रम कार्यबिधि,२०७९”**
२.यो कार्यबिधि पर्सागढी नगरपालिका नगर कार्यपालिकाबाट स्वकिृत भएपछि प्ररम्भ हुनेछ।

**ख) परीभाषा:**
विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा:

१. नगरपालिका भन्नाले **पर्सागढी नगरपालिका** सम्झनु पर्नेछ।
२.शाखा भन्नाले **पर्सागढी नगरपालिका पशु सेवा शाखा** सम्झनु पर्नेछ।
३. कार्यविधि भन्नाले **दुध उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रम कार्यबिधि, २०७९** सम्झनु पर्नेछ।
**ग) उदेश्यहरु:**
१. अनुदान वितरणलाई परीणाममूखी (Output Oriented) बनाउने।
२. दुध उत्पादन क्षेत्रलाई प्रतिस्पर्धात्मक बनाई सो व्यवसायलाई प्रतिष्ठीत एवम दिगो बनाउन प्रोत्साहन गर्ने।
३. अनुदानको सही, दक्ष र प्रभावकारी रुपमा वितरण, उपयोग र सदुपयोग गर्ने।
४.साना कृषकहरुको समेत दुग्ध उत्पादन संगठीत बजारमा प्रवाह गर्ने।

**२. कार्य संचालन प्रकृया** :

१. नगरपालिकाले उक्त अनुदान कार्यक्रममा दुग्ध उत्पादन सहकारी संस्थाहरुका लागि प्रस्ताव निवेदन आव्हान (अनुसूची-१ बमोजिम) गर्नेछ ।

२. यस कार्यक्रममा सम्मिलित हुन बुदा नं. ४,३ बमोजि  मापदण्ड पुरा गरेका ईच्छुक सहकारीले तोकिएको म्याद भित्र अनुसूची-२ बमोजिमको निबेदन सम्बन्धित कार्यालयमा दिनुपर्नेछ ।

**३. सहकारीको मापदण्ड** :

क) दैनिक कम्तिमा १५० ललिटर र वार्षिक कम्तिमा २०० दिनसम्म दुधको कारोवार गर्ने गरेको ।

ख) दैनिक संकलित दुध, दुग्ध उत्पादक सहकारी संस्था आफैले प्रशोधन गरी वा उधोगलाई बिक्रि गरी दुध तथा दुग्धजन्य पदार्थको बेचविखनको प्रबन्ध गरेको ।

ग) नियमित रुपमा साधारण सभा र लेखा परिक्षण गर्ने गरेको ।

घ) स्थायी लेखा नम्बर प्राप्त गरेको ।

ड.) सहकारीमा आवद्ध सबै कृषकहरुले पशु विमा गरेको हुनुपर्नेछ ।

च) सहकारीमा आवद्ध सबै कृषकहरुको फार्ममा जैविक सूरक्षा विधि अवलम्बन गरेको हुनुपर्नेछ ।

छ) सहकारीले कारोवार गर्ने गरेको दुधको गुणस्तर न्युनतम मापदण्ड भित्र गरेको हुनुपर्नेछ ।

ज) सम्बन्धित सहकारीले आफुमा आवद्ध भएका कृषकहरुलाई अनुदान वितरण्को मापदण्ड बनाई पेश गर्नुपर्नेछ । अनुदान वितरण गर्दा कृषक नगरपालिका भित्रका हुनुपर्नेछ ।

झ) सहकारी संस्थाहरुले संस्थागत रुपमा दुध खरिद विक्रि गरेको प्रमाण पेश गर्नुर्पेछ ।

ञ) सहकारी संस्था यस नगर क्षेत्रभित्र संस्थागत रुपमा दर्ता रहि संचालनमा आएको हुनुपर्नेछ ।

४. शाखाले नगरपालिका भित्रबाट प्राप्त भएका मध्ये न्यूनतम मापदण्ड पुरा गरे नगरेकोलाई प्रथम चरणको छनौट गरी प्राथमिकतामा राख्नु पर्नेछ ।

५. सहकारी संस्थाका आवेदन र प्रस्ताव उपर छानविन तथा मूल्यांकन गर्नको लागि तपसिल अनुसारको मूल्यांकन समिति रहनेछ ।

तपसिल :

| | |
|---|---|
| नगर प्रमुख | संयोजक |
| नगर उपप्रमुख | सदस्य |
| प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| आर्थिक विकास समितिको संयोजक | सदस्य |
| आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| सहकारी शाखाका अधिकृत | सदस्य |
| कृषि शाखा प्रमुख | सदस्य |
| पशु शाखा प्रमुख | सदस्य सचिव |

६. उपदफा ५ अनुसारको मूल्याङ्कन समितिले पर्न आएका निवेदनहरुको अनुसूची -३ अनुसारको आधारमा मूल्याङ्कन गरी अनुदान उपलब्ध गराउन सिफारिस गर्नेछ ।

७. अनुदानको लागि छनौट भएका दुग्ध उत्पादक सहकारी संस्थासंग कार्यालयले अनुसूची -४ बमोजिम सम्झौता गर्नेछ ।

८. सम्झौतापछी छनौट भएका सहकारीहरुलाई बिनियोजित बजेट परिधीधित्र रही चौमासिक रुपमा सहकारीको बैंक खातामा अनुदान रकम उपलब्ध गराउने छ ।

९.सहकारीले आफुमा आवद्ध मापदण्ड पुरा गरेको कृषकहरुलाई मापदण्ड बमोजिम अनुदान रकम सम्बन्धित कृषकको कुनै एक बैंक वा वित्तिय संस्थामा रहेको खातामा जम्मा गरेको प्रमाण सहितको पूर्ण विवरण नगरपालिकामा रकम उपलब्ध भएको सात दिन भित्र पेश गर्नु पर्नेछ ।

१०. सहकारीले आफुमा आवद्ध कृषकहरुको नागरिकता र सम्बन्धित वडाको सिफारिस नगरपालिकामा बुझाउनु पर्नेछ ।

११. दुध उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रम कार्यान्वयनको लागि कार्यक्रमको अनुगमन एवं प्रभावकारिता अध्ययन र प्रतिवेदन अनुसूची -५ बमोजिम गराउनु पर्नेछ ।

१२. अनुदानको लेखा नेपाल सरकारले तोके अनुसारको ढाचामा लेखा राख्ने र लेखापरिक्षण गराईने ।

१३. अनुगमन, मुल्याङ्कन तथा प्रतिवेदन सम्बन्धि व्यवस्था यस कार्यक्रमको अनुगमन पशु सेवा शाखाले गर्नेछ ।

१४. थपघट वा हेरफेर गर्न सक्ने :

१. यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन नगर कार्यपालिकाले आवश्यकता अुसार थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

२. यस कार्यबिधिको कार्यान्वियनमा कुनै बाधा अबरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अबरोध फुकाउने प्रयोजनका लागि नगर कार्यपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

३. यो कार्यविधि कार्यान्वयन गर्न आवश्यक पर्ने अनुसूचीहरुको निर्माण तथा परिमार्जन नगरपालिकाले गर्न सक्नेछ ।

पर्यागढी नगरपालिका

## अनुसूची -१

### दुध उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रममा कृषकहरुलाई अनुदान वितरण गर्न इच्छुक दुग्ध उत्पादक सहकारी संस्थाहरुका लागि प्रस्ताव आव्हान

प्रकाशित मिति :.........................

पर्सागढी नगरपालिकाको आ.ब. २०७९/८० को स्वीकृत बार्षिक कार्यक्रम अनुसार दुध उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रम रहेकोले सो कार्यक्रममा आफू मातहतका दुग्ध उत्पादक सदस्य कृषकहरुलाई संलग्न गराउन इच्छुक दुग्ध उत्पादक सहकारी संस्थाले यो सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र अनुसूची -२ अनुसारको निवेदन पर्सागढी नगरपालिकामा कार्यालय समय भित्र प्रस्ताव दर्ता गर्नुहुन आह्वान गरिन्छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ। तपसिल अनुसारका कागजातहरु संलग्न राखी प्रस्ताव पेश गर्न आह्वान गरिन्छ। यस सम्बन्धमा थप जानकारीका लागि सुचना प्रकाशन गर्ने कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

तपसिल :

१. रु. १० को हुलाक टिकट टाँसेको फा.नं. २ अनुसारको प्रस्ताव/आबेदन
२. आबेदकको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि
३. दुध उत्पादक सहकारी संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि
४. स्थायी लेखा नम्बर(PAN) प्रमाण पत्रको प्रतिलिपि
५. कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि
६. संस्थासंग आवद्ध सदस्यहरुले प्राप्त गरेको अन्य प्रमाण पत्रहरु तलिम, शैशिक योग्यताका प्रमाण पत्रको प्रतिलिपि
७. दुध उत्पादक सहकारी संस्थाको बैंकसँग गरेको बितिय कारोवारको विबरण
८. फा.नं. ३ अनुसारको कार्ययोजना
९.दुध उत्पादक सहकारी संस्थासंग आबद्ध सदस्यहरु सम्मिलित बैठक निर्णयको प्रतिलिपि
१०. कार्यक्रम संचालन गर्नुपर्ने संस्थाको जग्गाको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि वा लिजमा लिएको जग्गाको हकमा जग्गाधनी प्रमाणपुर्जा समेत करार पत्र (नोटरी पब्लिकबाट प्रमाणित) वा जग्गाधनीको सकल मन्जुरीनामा (कम्तीमा ५ वर्ष अबधिको) समेत
११. अन्य आवश्यक कागजातहरु

## अनुसूची -२

### दुध उत्पादन सहकारी संस्थाले पर्सागढी नगरपालिका पशु सेवा शाखामा दिने आवेदन पत्रको ढाँचा

श्रीमान शाखा प्रमुख ज्यू
पर्सागढी नगरपालिका
पशु सेवा शाखा, हरपुर

मिति :.................................

बिषय : दुध उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रममा सहभागी हुन पाउँ ।

महोदय,

प्रस्तुत विषयमा मिति.....................................मा प्रकाशित सुचना अनुसार यस दुग्ध उत्पादन सहकारी संस्थाले दुध उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रममा समावेश हुन चाहना भएकोले सो प्रयोजनका लागी तपसिल अनुसारको विवरण भरी निवेदन पेश गरेका छौं ।

तपसिल :

१. कुल सदस्य संख्या....................................................
२. गत वर्ष कूल दुध संकलन लिटर (औषत दैनिक..........लि., मासिक.............लि. र वार्षिक.....................लि.)
३. गत वर्ष कुल अधिकतम दुध संकलन : .............महिना.................लि.
४. गत वर्ष कुल न्युनतम दुध संकलन : .............महिना.................लि.
५. संस्थाबाट संकलित दुध बिक्रि गरिने संस्था र आयोजना आदिको नाम र ठेगाना
क)................................................ ख)..............................................
६. मिल्क एनालाईजरको प्रयोग भएको नभएको :
७. वार्षिक साधारण सभा भएको गत वर्षको प्रमाण :
८. जम्मा संकलन केन्द्र संख्या : ...................................

९. रेकर्ड राख्न कमप्युटरको प्रयोग भएको/नभएको : ....................

१०. दुधको गुणस्तर परिक्षण गरी रेकर्ड राख्ने/जानकारी दिने/नगरेको : ......................

११. आफ्नो चिलिङ सेन्टर भएको/नभएको : .............................................

१२. दुध विविधिकरण र विक्रि वितरण गरेको/नगरेको : ...............................

क) गरेको भए कुन/कुन पदार्थ वनाउने गरिन्छ ........................दैनिक औषत परिमाण................

ख) विक्रि गर्ने बजार/स्थल : ..........................................................................

१३. सहकारी दर्ता/नविकरणको प्रमाण पत्र : ...........................................

१४. कुनै प्रकारको कार्वाहीमा नपरेको बारेको स्वघोषण : ................................

१५. कर चुक्ता प्रमाण पत्र

१६. आवद्ध कृषकको नागरिकता र वडाको सिफारिस

७. कृषकलाई अनुदान रकम वितरण गर्ने मापदण्ड

**अनुसूची -३**

**कार्यक्रम संचालनका लागि संस्थाको छनौट गर्दा अपनाईने मूल्याङ्कनका आधारहरु**

| क्र.सं. | द.नं. | आवेदक संस्थाको नाम | ठेगाना | मिल्क एनालाईजरको प्रयोग (२५) | दुग्ध उत्पादक कृषक सदस्य संख्या (२५) | दैनिक दुध संकलन र प्रशोधन गरेको परिमाण लिटर (२५) | सरसफाई र अभिलेख व्यवस्थापन (२५) | कुल प्रप्तांक (१००) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

- ५० सम्म सदस्य संख्या हुने संस्थालाई २० र ५० भन्दा बढी सदस्य संख्या हुने संस्थालाई २५ अंक दिनु पर्नेछ।
- दैनिक कम्तिमा १५० लिटर देखि ५०० लिटरसम्म दुध संकलन गर्ने सहकारीलाई २० अंक र ५०० लिटर देखि माथि दुध संकलन गर्ने सहकारीलाई २५ अंक दिनु पर्नेछ।

मूल्याङ्कन समितिका पदाधिकारीहरुको :

नाम थर : पद : कार्यालय र ठेगाना : दस्तखत :

१.

२.

३.

## अनुसूची -४

## नगरपालिका र दुग्ध उत्पादन सहकारी संस्था विच हुने सम्झौता ढाँचा

पर्सागढी नगरपालिका (यसपछि प्रथम पक्ष भनिने) र दुग्ध उत्पादक सहकारी संस्था…………………(यसपछि दोस्रो पक्ष भनिने) विच दुध उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रममा तपसिलका शर्तहरु पालना गर्ने गराउने गरी यो द्विपक्षिय सम्झौता गरिएको छ ।

तपसिल :

१.दोश्रो पक्षलाई पहिलो पक्षले बैंक खातामा प्रत्येक चौमासिक अवधिमा एक पटकका दरले वर्षमा ३ पटक स्विकृत भए अनुसारको अनुदान रकम जम्मा गरिदिने छ ।

२. दोश्रो पक्षले आफ्नो संस्थामा आवद्ध सदस्य कृषकहरुलाई नियमित रुपमा पशु खोप लगाउने, परजिवी नियन्त्रन गर्ने, थुनेलो लगायत अन्य रोग लागेको र औषधि उपचार गरिरहेको अवस्थाको अखाद्य दुग्ध विक्री वितरणमा रोक लगाउने, फार्ममा जैविक सूरक्षाको व्यवस्था मिलाउने, तोकिए अनुसारको सफा दुधको उत्पादन, ढुवानी लगायतका गुणस्तर, फ्याट, एस.एन.एफं र अन्य मापदण्ड पुरा गर्न लगाउने, सुधारिएको गोठको व्यवस्था मिलाउने लगायतका कार्यहरु गराउनु पर्नेछ ।

३.दोश्रो पक्षले उत्पादन स्थलदेखि आफुले बिक्री गर्ने स्थानसम्म सफा, स्वस्थ्य र गुणस्तरयुक्त दुधको कारोवारको पूर्ण व्यवस्था गर्नु पर्नेछ ।

४. दोश्रो पक्षले आफुमा आवद्व भएका कृषकहरुलाई छनौटको मापदण्ड बनाई मापदण्ड पुरा गरेका कृषकहरुलाई अनुदान वितरण गर्नु पर्नेछ ।

५.दोश्रो पक्षले यो सम्झौता बमोजिमका कार्य नगरेमा वा उपलब्ध स्रोत साधनको दुरुपयोग गरेमा प्रथम पक्षले जुनसुकै समयमा एकतर्फि रुपमा सम्झौता भंगगरी प्रचलित कानून बमोजिम अनुदान रकम असूल उपर गर्न सक्नेछ ।

६.यस सम्झौतामा उल्लेख भए बाहेकका विषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।

उल्लेखित शर्तहरु पालना गर्न गराउन मंजुर भई यो सम्झौतामा दस्तखत गर्दछौं

| **दोश्रो पक्ष** | **प्रथम पक्ष** |
|---|---|
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम : |
| पद : | पद : |
| संस्था : | कार्यालय : |
| **रोहवर** | **रोहवर** |
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम : |
| पद : | पद : |
| कार्यालय : | संस्था : |

**इति सम्वत्…………साल……….महिना…….गते रोज…….शुभम् ।**

पर्सागढी नगरपालिका

## अनुसूची -५

## आधारभुत सर्भेक्षणका लागी नमुना फारम

अनुदानग्राहीको नाम र ठेगाना :
परिवार संख्या :
**पशु तथा उत्पादन विवरण :**

| विवरण | गाई | | भैंसी | |
|---|---|---|---|---|
| | उन्नत | स्थानीय | उन्नत | स्थानीय |
| संख्या | | | | |
| कुल दुध उत्पादन लि. | | | | |
| दैनिक कुल दुध बिक्री लि. | | | | |
| दैनिक बिक्री हुने दिन संख्या | | | | |
| औसत फयाट प्रतिशत | | | | |
| औसत | | | | |
| औसत मूल्य प्रति लिटर | | | | |

- गोठको अबस्था :
- जमिन कट्ठा वा रोपनीमा :
- घाँस लगाएको क्षेत्रफल……………………….घाँसको किसिम………………………परिमाण…………………..
- सिचाईको ब्यबस्था……………………………….
- स्वास्थ्य सम्बन्धी मुख्य समस्याहरु…………………………………….
- पशुधनको क्षती :
- खोपको प्रयोग भएको भए कनु खोप…………………………………कहिले……………………………….
- परजीवि बिरुद्धको औषधी……………………………….के……………………………कहिले………………………
- पशु विमाको विवरण………………………………………………………………………………………………….
- क्षतिपूर्ति लिएको भए विवरण……………………………………………………………………………………….

गाई भैंसी फार्ममा भएको लाभ लागत विवरण :………………………………………………….

**खर्च :**

| विवरण | परिमाण | लागत रु. | कैफियत |
|---|---|---|---|
| पशु खरिद | | | |
| गोठ तथा औजार | | | |
| आहारा ज्यामी | | | |
| दुधको बजारीकरण | | | |
| अन्य | | | |
| जम्मा | | | |

**आम्दानी :**

| विवरण | परिमाण | आम्दानी रु | कैफियत |
|---|---|---|---|
| दुध बिक्री | | | |
| बाच्छाबाच्छी, पाडापाडी बिक्री | | | |
| मल बिक्री | | | |
| जम्मा | | | |

अन्य प्रति लिटर दुध उत्पादन लागत :

सबभन्दा बढी दुध बिक्री गरिने महिना :

सबभन्दा कम दुध बिक्री गरिने महिना :

अनुदान सम्बन्धि प्राप्त गरेको भए के................कति.................कहाँबाट.....................

अनुदान लगानी भएको विवरण.............................

अनुदान सम्बन्धी धारणा...........................

लगानिमा दिईने अनुदान र उत्पादनमा दिईने अनुदान बारे अनुदान सम्बन्धी सुझाब.........................

अनुदानबाट प्राप्त आम्दानी...............................

अनुदानबाट प्राप्त सन्तुष्टी................धेरै...........ठिक्क...............कम............(यो नमुना मात्र हो, बिभित्र समूह तथा व्यक्तिसंग अर्न्तबार्ता तथा सूचना संकलन गर्दा परामर्शदाताले पूर्ण बिबरण तयार पारी अध्ययन गर्ने छन्)

*कार्यपालिकाबाट पारित मिति २०७९/०९/२८ गते*

आज्ञाले,
छबिरमण भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

पर्सागढी नगरपालिका